का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २१७
- ५ असोज २०७८, मंगलबार
- 21 September 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

# प्रतिपक्षीलाई पेलेर बजेट पारित

सभामुखको राजीनामा मागेर लगातार संसद अवरोध गर्दै आएको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई पेलेरै सरकारले चालु आर्थिक वर्षको बजेट पारित गरेको छ । प्रतिनिधिसभाबाट पारित विनियोजन विधेयक राष्ट्रियसभाबाट पारित भएसँगै बजेट कार्यान्वयनमा आउनेछ ।



एमाले सांसदहरू प्रतिनिधिसभा बैठकमा नाराबाजी गर्दै । तस्बिर : रोशन सापकोटा, रासस

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

सरकारले प्रमुख प्रतिपक्षी दल नेकपा एमाले सांसदहरुको नाराबाजी बीच चालु आर्थिक वर्ष २०७८/०७९ को बजेट पारित गरेको छ । २३ भदौदेखि जारी संसद्मा एमाले सांसदहरुले लगातार अवरोध गरिरहेका छन् । तर एमाले सांसदहरुको अवरोधबीच सरकारले संशोधित बजेट ल्याएको थियो ।

गएको १५ जेठमा तत्कालीन सरकारले अध्यादेशबाट बजेट ल्याएको थियो । तर उक्त बजेट अध्यादेश विधेयक पारित गर्दै सरकारले संशोधित बजेट ल्यायो । २५ भदौमा एमाले सांसदहरुको विरोधका बीच अर्थमन्त्री जनार्दन शर्माले संशोधित बजेट पेश गरेका थिए । तर एमालेले भने आफ्नो माग पूरा नभएसम्म संसद् चल्न नदिने अडान कायमै राख्यो ।

अर्थमन्त्री शर्माले विनियोजन विधेयक पनि विरोधकै बीच पेश गरेका थिए । तर ३० भदौमा पारित हुन नसकेपछि सरकारले राज्यकोषबाट खर्च गर्न पाएका छैनन् । यसलाई बजेट होलिडे भनिन्छ । पेश्की विधेयक ल्याएर सरकारले सरकारी खर्च कायमै राख्ने बाटो रोजेन । बरु नियमित प्रक्रियाबाट बजेट पारित गर्ने भन्दै बजेट होलिडेको अवस्था निम्त्यायो ।

सोमबार बसेको प्रतिनिधिसभा बैठकले विनियोजन विधेयक पारित गरेको छ । अब राष्ट्रिय सभाबाट पारित भएसँगै चालु आर्थिक वर्षको बजेट पूर्ण रुपमा कार्यान्वयनमा आउने छ । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको बजेट संशोधन सहित सरकारले प्रतिस्थापन विधेयक ल्याएको छ । प्रतिनिधिसभाबाट पारित भएको बजेटबारे राष्ट्रिय सभाले १५ दिनभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ ।

स्रोतका अनुसार, राष्ट्रियसभा बैठकमा मंगलबार नै प्रतिनिधिसभाबाट पारित भएको बजेट प्रस्तुत गर्ने कार्यसूची राखिएको छ । राष्ट्रियसभाले बजेटमा संशोधन दर्ताका लागि सांसदहरूलाई बढीमा तीन दिनको समय दिन सक्छ । राष्ट्रियसभाबाट बजेट विधेयक पारित भएकोबारे प्रतिनिधिसभामा सन्देश सुनाएपछि मात्रै बजेट कार्यान्वयनको बाटो खुल्ने व्यवस्था छ ।

सरकारले चालु वर्षका लागि १६ खर्ब ३२ अर्ब ८३ करोड रुपैयाँको बजेट ल्याएको थियो । जसमा १० खर्ब ५० अर्ब ८२ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ । बजेट पारितसँगै सरकारलाई २ खर्ब ८३ अर्ब ९ करोड वैदेशिक ऋण र २ खर्ब ३९ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउन बाटो खुल्नेछ ।

तर एमालेले भने प्रतिनिधिसभा र राष्ट्रियसभाबाट बजेट पारित हुन नदिने प्रयास कायमै राखेको छ । सभामुख अग्निप्रसाद सापकोटाले एमालेले कारबाही गरेको १४ सांसदलाई पदमुक्त नगर्नुको चित्तबुझ्दो जवाफ माग्दै संसद् अवरोध गर्दै आएको छ । एमालेले सभामुखले १४ सांसदलाई पदमुक्त गर्न वा राजीनामा दिने बिकल्प रोज्नुपर्ने एमालेको माग छ ।

# एमालेको मुद्दा हेर्दाहेर्दैमा

एमालेले कारबाही गरेका १४ सांसद सहितको हस्ताक्षरमा दर्ता भएको नेकपा (एकीकृत समाजवादी) खारेजी सहितको माग राखेर दायर मुद्दा हेर्दाहेर्दैमा राखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

प्रतिनिधिसभा सदस्य र पार्टी केन्द्रीय कमिटी सदस्यबाट पदमुक्त गरिएका १४ जना सहित समेटेर बनेको नेकपा (एकीकृत समाजवादी) खारेजीको माग सहित नेकपा एमालेले दायर गरेको रिट माथिको सुनुवाइ हेर्दाहेर्दैमा राखिएको छ ।

एकीकृत समाजवादीतिर लागेका १४ जना सांसदलाई सभामुख र निर्वाचन आयोगले समेत कारबाही नगरेपछि पार्टी फुटेको एमालेले दावी गरको छ । सभामुख अग्निप्रसाद सापकोटा, लुम्बिनी प्रदेशसभाका दुई सांसद र १४ संघीय सांसदलाई पदमुक्त गरिनुपर्ने माग सहित एमालेका अध्यक्ष केपी शर्मा ओलीले १५ भदौमा रिट दायर गरेका थिए ।



सोमबार बहस नसकिएपछि मुद्दा हेर्दाहेर्दैमा राखिएको छ । न्यायाधीशद्वय दीपककुमार कार्की र कुमार चुडालको इजलासमा सुनुवाइ भइरहेको छ । बहस गरेका विपक्षी तर्फका कानुन व्यवसायीको बहस सोमबार नसकिएपछि सुनुवाइ हेर्दाहेर्दैमा राखिएको हो । अदालतमा यो मुद्दा परेपछि सरकारलाई पूर्णता दिने कार्य समेत रोकिएको छ ।

किनकि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एमालेबाट अलग भएर २ भदौमा एकीकृत समाजवादी गठन गरेका छन् । निर्वाचन आयोगले ११ भदौमा दल दर्ताको प्रमाणपत्र दिइसकेपनि अदालतमा मुद्दा परेपछि राष्ट्रिय राजनीति अदालतको फैसला कुर्ने अवस्था छ ।

यदि एकीकृत समाजवादी दर्ता खारेज भएमा प्रधानमन्त्री शेरबहादुर देउवा संसद्मा अल्पमतमा पर्नेछन् । तसर्थ प्रधानमन्त्री देउवा पनि अदालतको फैसला कुर्ने मूडमा छन् । अदालतको फैसला कुर्नेतिर लागेकैले प्रधानमन्त्री देउवालाई अढाइ महिना हुन लाग्दा समेत मन्त्रिपरिषद्

बाँकी पृष्ठ २ मा

# आवागमन सहज बनाउने तयारी

**आभा शर्मा/मध्यान्ह**
वीरगञ्ज, ४ असोज ।



सरकारले नेपाल-भारत सीमाबाट एकअर्को देशका सवारी साधनको आवागमनमा सहज अवस्था सिर्जना गर्न दिने भएको छ । सोमबार आफूलाई भेटन पुगेका बीरगन्जका व्यापारीहरुसँग प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल-भारत सीमानाकाबाट सवारी साधनको आवागमन खुलाउने तयारी भइरहेको जानकारी दिएका हुन् ।

कोरोना महामारी शुरु भएपछि नेपाल र भारत दुवै देशका सरकार हरुले एकअर्को देशका सवारी साधनलाई आफ्नो देशमा प्रवेशमा कडाई गर्दै आएका छन् । त्यसले गर्दा आफूहरुको व्यापार व्यवसाय अस्तव्यस्त भएको भन्दै वीरगञ्जका होटल तथा पर्यटन व्यवसायीहरुले देउवालाई भेटेका हुन् ।

उनीहरुको गुनासो सुनेपछि देउवाले एक अर्को देशमा नीजि सवारी साधन प्रवेशको लागि आफूले तत्काल कदम चाल्ने आश्वसन दिएको होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्तले जानकारी दिए । उनका अनुसार, वीरगञ्ज आसपासको क्षेत्रमामात्रै रहेका २०० भन्दा बढी होटलहरुले सञ्चालन खर्च पनि धान्न नसकेको उनले बताए । कतिपय होटलहरु त बन्द भइसकेको पनि उनले बताए ।

"नेपालमा आउने सबैभन्दा बढी पर्यटक भारतीय नै हुन् । सीमा क्षेत्रमा ८० प्रतिशत होटल भारतीय पाहुनामा आधारित छन्" प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा भनिएको छ, "कोरोना महामारी नियन्त्रणका लागि लगाइएका प्रतिबन्ध अन्य सम्पूर्ण क्षेत्रबाट हटाइए पनि भारतीय सीमा नाकाबाट हुने सवारी आवागमनमा मात्र राख्दा यो व्यवसाय नराम्ररी प्रभावित भएको छ ।"

ज्ञापनपत्रमा पछिल्लो समयमा सीमानाकाबाट दैनिक हजारौं संख्यामा सर्वसधारणहरुको निर्वाध रुपमा पैदल आवतजावत भइरहेको अवस्थामा निजी सवारी साधन रोक्नुको औचित्य नभएको उल्लेख छ ।

# 'नेपाली कामदारको सुरक्षा र संरक्षण एनआरएनएको मूल एजेन्डा हुनुपर्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अभियन्ताहरूले वैदेशिक रोजगार लामो समयसम्म नेपाली अर्थतन्त्रको अभिन्न रहने भन्दै यस क्षेत्रलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका छन् । वैदेशिक रोजगार पत्रकार समाजको नवनिर्वाचित कार्यसमितिलाई सोमबार सम्मानित गर्दै एनआरएनएका अभियन्ताहरूले उक्त धारणा राखेका हुन् ।

सोमबार राजधानीमा आयोजित कार्यक्रममा संघको तर्फबाट सचिव राजेन्द्र कुमार (आरके) शर्मा, सल्लाहकार टिबि कार्की, एशिया प्यासिफिक क्षेत्रका उपाध्यक्ष खगेन्द्र न्यौपानेले संयुक्तरूपमा समाजको नवनिर्वाचित कार्यसमितिका सदस्यहरूलाई सम्मान गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै सचिव शर्माले विपन्न अवस्थाका लाखौं नेपाली कामदार वैदेशिक रोजगारीमा जाने खाडीका विभिन्न मुलुक र मलेसिया लामो समयदेखि ओझेलमा परेको भएपनि हाल यो क्षेत्र संघको केन्द्रीय एजेन्डाका रूपमा स्थापित भएको बताए ।

नेपाली नियोगहरले नेपाली कामदारको समस्या समाधानका लागि प्रयास गरिरहेको भएपनि साधन र स्रोतको अभाव रहेका ठाउँमा एनआरएनएले हातेमालो गरी काम गरेका कारणले विषम परिस्थितिमा पनि नेपाली कामदाहरूले अविभावक नभएको महसुस गर्नु



नपरेको दाबी गरे ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारको ठूलो पङ्क्ति सीपविहीन अवस्थामा रहेको भन्दै उनले वैदेशिक रोजगार पत्रकार जस्ता जनचेतनामूलक काम गर्ने संस्थाले सीप र दक्षताका पक्षमा जोड दिनुपर्ने सुझाव दिए । वैदेशिक रोजगार क्षेत्रलाई अगाडि बढाउने मूल लक्ष्य राखेर संघको उपाध्यक्ष पदमा उम्मेदवारी दिएको दाबी गर्दै उनले एनआरएनएलाई वैदेशिक रोजगारसहित विदेशमा रहेका नेपालीहरूको विवादरहीत साझा चौतारी बनाउने आफ्नो अभियान रहेको बताए ।

शर्माले नेपाल सरकारले अन्यायमा परेका नेपाली कामदारको तर्फबाट निःशुल्क कानूनी सेवा उपलब्ध गराउने कार्यविधि बनाएको भएपनि वैदेशिक रोजगारीमा विभिन्न कारणले कानूनी समस्या पर्ने नेपाली कामदारले त्यसबाट लाभ लिन नसकेको भन्दै सरकारले प्रभावकारी अनुगमन समस्यामा परेका कामदारहरूलाई सहयोग पुऱ्याउनु पर्ने माग समेत गरे ।

संघका सल्लाहकार कार्कीले वैदेशिक रोजगारमा रहेका नेपाली कामदारहरूलाई सुरक्षित गराउन अनुसन्धानमुलुक पत्रकारिताको खाँचो रहेको

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## एनआरएनए महाधिवेशन निर्धारित समयमै : अध्यक्ष पन्त

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघको १० औं विश्व सम्मेलन तथा महाधिवेशन पूर्व निर्धारित समयमा नै हुने अध्यक्ष कुमार पन्तले बताएका छन् । सोमबार परराष्ट्र मन्त्रालयमा छलफल गरेपछि मन्त्रालयले पूर्व निर्धारित मितिमा महाधिवेशन गर्न सहयोग गर्ने वातावरण बनेको बताए ।

एनआरएनए अमेरिकाका सल्लाहकार बेदप्रसाद खरेल, मानार्थ सदस्य नवराज ओली (शनि) र आइसीसी पूर्व सचिव जानकी गुरुङले प्रतिनिधि छनोटमा विधान मिचिएको दाबी गर्दै निवेदन दिएपछि आगामी अक्टोबर २३-२५ का लागि तोकिएको महाधिवेशन अनिश्चित बनेको थियो ।

## सर्वोच्चको जवाफ

# प्रन्या बिनाको संवैधानिक इजलास हुन्न

**काठमाडौं/मस-** सर्वोच्च अदालतले संवैधानिक इजलासमा प्रधानन्यायाधीश बस्ने वा नबस्ने भन्ने विवादमा लिखित जवाफ पेस गरेको छ । न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले संवैधानिक इजलासमा प्रधानन्यायाधीश बस्ने वा नबस्ने विषयमा दायर भएको रिट निवेदनमा सुनुवाइ गर्दै संवैधानिक परिषद् सम्बन्धी अध्यादेश विवादको सुनुवाइ तत्काल नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतले उक्त विवादको अन्तिम टुंगो नलागेसम्म संवैधानिक इजलासमा भएको अध्यादेशसम्बन्धी विवादको सुनुवाइ नगर्न अन्तरिम आदेश जारी गरेको थियो । अदालतको आदेशानुसार उक्त विवादमा सर्वोच्च अदालतले उक्त लिखित जवाफ पेस गरेको हो । "नेपालको संविधानको धारा १३७ (१) बमोजिम संवैधानिक इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको अन्य चारजना न्यायाधीश रहने भन्ने व्यवस्था भएबाट इजलास गठन हुनाका लागि प्रधानन्यायाधीशबाहेक अन्य चार न्यायाधीश रहनु अनिवार्य हुन्छ" जवाफमा भनिएको छ । संविधानले नै प्रधानन्यायाधीश रहित संवैधानिक इजलासको परिकल्पना नगरेको जवाफ दिएको छ ।

लिखित जवाफमा निवेदकले निवेदनमा संवैधानिक इजलासमा प्रधानन्यायाधीश नबस्ने भनी निर्णय भएको हो भने कुन संवैधानिक वा कानूनी आधारमा

बाँकी पृष्ठ २ मा

WANTED

*A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

1) Documentation Staff - 1 (M/F)
2) PRO - 1 (M/F)

Salary Negotiable

VRINDIT SERVICES PVT. LTD.
Kupodole-3, Lalitpur | Contact no.: 01-5524006, 9841682357
Email: nepal@vrindit.com | Website:www.vrindit.com

# चाडपर्व लक्षित ट्राफिक व्यवस्थापन योजना सार्वजनिक



**काठमाडौं/मस**–ट्राफिक प्रहरीले नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरेर ट्राफिक व्यवस्थापन योजना सार्वजनिक गरेको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले नजिकिँदै गरेको बडादशैं, तिहार तथा छठलगायतका पर्वलाई लक्षित गरेर चाडपर्व व्यवस्थापन विशेष सुरक्षा योजना सार्वजनिक गरेको हो । महाशाखाका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले ट्राफिक प्रहरीको अधिकतम परिचालन, प्रभावकारी व्यवस्थापन, शीघ्र र सहज सेवा पहुँचको व्यवस्था मिलाएर चाडपर्वलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यका साथ महाशाखाले चाडपर्व विशेष सुरक्षा योजना आजदेखि लागू गरेको जानकारी दिए ।

'चाडपर्वमा हुने सवारी चाप व्यवस्थापन, दुर्घटना न्यूनीकरण तथा यात्रुलाई पर्नसक्ने विभिन्न समस्यालाई सम्बोधन गरी सहज यात्राको प्रबन्ध मिलाउन सुरक्षा योजना लागू गरेका हौं', उनले भने । योजनाको प्रभावकारी व्यवस्थापन गर्न थप जनशक्ति परिचालन, जाँचमा कडाइ र नागरिक सहायता कक्ष स्थापना गरी सेवा प्रवाह गर्ने योजना रहेको उनको भनाइ थियो ।

उनले बसपार्क, टिकट काउण्टर र अन्य ठाउँमा हुने भीडभाडका कारण कोरोना संक्रमण बढ्ने भन्दै त्यस्ता ठाउँमा ट्राफिक प्रहरी खटाएर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताए । ट्राफिक प्रहरीले चाडपर्वको समयमा हुने सवारी चाप व्यवस्थापन र दुर्घटना न्यूनीकरणका लागि जाँचलाई कडाइ पार्ने भएको छ । चाडपर्वमा रमाइलो गर्ने बहानामा मादक पदार्थ सेवन गरी सवारी चलाउनेको संख्या बढ्ने र दुर्घटना हुन सक्ने कुरालाई मध्यनजर गर्दै रात्रीकालीन मात्र नभई दिनको समयमा जाँचलाई कडाइ गरिने एसएसपी भट्टराईले बताए ।

थानकोट, नागढुङ्गा, जगाती, फर्पिङ, साँखु, बालाजुबाइपास, मुड्खु, टोखालगायतबाट उपत्यका बाहिरिने सबै प्रकारका सवारी साधनलाई नाकामा कडाइका साथ जाँच गर्ने महाशाखाले जनाएको छ । महाशाखाले सार्वजनिक गरेको विशेष सुरक्षा योजनामा लामो दूरीका सवारी साधनमा अनिवार्य रुपमा दुईवटा चालक भए/नभएको एप्सबाट जाँच गर्ने बताएको छ ।

ट्राफिक प्रहरीले उपत्यकाका बढी भीडभाड हुने क्षेत्रलाई पहिचान गरी ट्राफिक जनशक्ति थप गर्ने जनाएको छ ।

**१४ स्थानमा यात्रु सहायता कक्ष**

ट्राफिक प्रहरीले चाडपर्वलाई लक्षित गरेर उपत्यकाका १४ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गर्ने भएको छ। महाशाखाले उपत्यकाका नागढुङ्गा, कलंकी, स्वयम्भू, माछापोखरी, नयाँबसपार्क, चावहिल, गौशाला, कोटेश्वर, जागती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा र पुरानो बसपार्कमा सहायता कक्ष सञ्चालन गर्ने जनाएको छ । आम सर्वसाधारण तथा यात्रुलाई पाकेटमार तथा अन्य आपराधिक गतिविधि र सुरक्षासम्बन्धी सू-सुचित गर्न, स्वास्थ्य मापदण्ड पालना गर्न, टिकट तथा भाडा ठगीलगायतका यात्रुको गुनासो व्यवस्थापन गर्न, सहज यात्राको व्यवस्था यात्रु सहायता कक्षले काम गर्ने एसएसपी भट्टराईको भनाइ छ ।

**सुनसरी डायरी**

तेज बहादुर बन/मध्यान्ह

# चर्चासँगै विवादमा इटहरीको भाटभटेनी
## किनमेल भन्दा टिकटक बनाउनेको घुइँचो



देशकै सबैभन्दा ठूलो शाखा इटहरीमा स्थापित भएपछि यतिबेला भाटभटेनी सुपर मार्केटको चर्चा सामाजिक सञ्जालदेखि बाहिरी बजारसम्म चुलिएको छ ।

पूर्वपश्चिम राजमार्ग हुँदै इटहरी आउने आगन्तुक तथा इटहरी हुँदै अन्यत्रै बाहिरिने जो कोहि पनि भाटभटेनी पुगेर सेल्फि नखिचि बिदा हुन मान्दैनन् । सामाजिक सञ्जाल फेसबुक, ट्विटर लगायत टिकटकका अधिकांश भिडियोहरूमा इटहरीको भाटभटेनीकै चर्चा देखिन्छ ।

तीन अर्बको लगानीमा खुलेको भाटभटेनीले स्थापनाको १५ औं दिनसम्म आइपुग्दा १३ करोडको कारोबार गर्न सफल भइसकेको छ । गत भदौ १९ गते सञ्चालक मिन बहादुर गुरूङले समुद्घाटन गरेसँगै कारोबार शुभारम्भ गरेको सुपर मार्केट अहिले इटहरी मात्र नभइ बाहिरबाट आउने आगन्तुकहरूको पनि विशेष बनिसकेको व्यवस्थापन पक्षको दाबी छ ।

मुख्य राजमार्गसँगै टाँसिएको र त्यसमा पनि पार्किङ लगायत विभिन्न मनोरम दृश्यहरू अवलोकन गर्न पाइने भएपछि भाटभटेनी धेरै जसोको रोजाईमा परेको व्यवस्थापन पक्षको भनाइ छ । पछिल्लो समय मार्केटमा बढेको भिड र सामानहरूको मुल्यलाई लिएर भाटभटेनी विवादमा तानिएको छ ।

बाहिरी बजार मुल्य भन्दा झण्डै दोब्बर मुल्य राखेर सामग्रीहरू बिक्री गरेको एक पक्षिय किनमेल गर्न आउनेहरूको गुनासो छ भने राजमार्ग ओगटेर भौतिक संरचना निर्माण गरिँदासम्म इटहरीको प्रशासनदेखि स्थानीय सरकार समेत मौन बसेको भन्दै जनगुनासो आउने गरेको छ ।

राजमार्गको जग्गा ओगटेर भौतिक संरचना निर्माण गरिनु सार्वजनिक सम्पतिको दुरूपयोग हुनुका साथै ठूला व्यवसायीहरूलाई जे गर्दा नि छुट हुने जस्ता प्रश्नहरू सामाजिक सञ्जालमा आउन थालेका छन् । भाटभटेनीले राजमार्ग कब्जा गरेर भौतिक संरचना निर्माण गरेकोप्रति इटहरीमा अधिकांश व्यवसायीहरूले आपत्ती प्रकट गर्दै आएका छन् । स्थानीय सरकार अन्तर्गत इटहरीकी उपमेयर लक्ष्मी गौतमले पनि भाटभटेनी निर्माणकै बेला देखि विरोध गर्दै आएकी थिइन । उनले बाटोको जग्गा कब्जा गरेको विषयमा पनि त्यतिबेलै आवाज उठाएपनि कसैले नसुनेको बताइन् ।

त्यस्तै उद्योग वाणिज्य संघ इटहरीका अध्यक्ष भिम पौडेललेसडकको जग्गा कब्जा गरिनु राम्रो नभएपनि भाटभटेनीले इटहरीको गौरव बढाएको बताए । त्यस्तै भाटभटेनी नामै मात्रको सुपर मार्केट रहेको धेरै सेवाग्राहिहरूले गुनासो गरेका छन् ।

बाहिरबाट फर्निचरको आइटम सम्बन्धी चर्चा सुनेर किन्न पुगेका झापा बिर्तामोडका होम प्रकाश अधिकारी मुल्य देखेरै तर्सिएको बताए ।

सामान्य चारजनाको सदस्य बसेर खाना खाने डाइनिङ टेवलकै मुल्य ६० हजार रुपैयाँ राखेपछि भाटभटेनीमा किनमेल गर्न नसकिने उनको तर्क छ । त्यस्तै इटहरीकै हेमकुमारी श्रेष्ठ सामान्य चम्चाकै ५ सय रुपैयाँ स्टिकर राखेको पाइएपछि नकिनि फर्किएको बताउँछिन् । बजारको मुल्य हेरेर भाटभटेनीमा धेरै फरक देखिएको अवलोकन गर्न आउनेहरूले गुनासो गरेका छन् ।

किनमेल छैन, टिकटक बनाउनेको भिड

बाहिरबाट झट्ट हेर्दा भाटभटेनीमा किनमेल गर्नेहरूको घुंइचो लागेको देखिन्छ तर वास्तवमा त्यस्तो भने पाइँदैन । अधिकांश सेवाग्राहिहरू भाटभटेनीको बाहिरी आवरण र भित्रि बजार हेरेर फर्किने गरेका छन् भने किनमेल गर्नकै लागि भनेर छिर्नेहरू पनि टिकटक भिडियो बनाएर फर्किने गरेका छन् । मार्केटभित्र निर्माण गरिएको लिफ्ट र इलेक्ट्रोनिक भऱ्याङको मज्जा लिन आउनेहरूको समुहपनि त्यतिकै रहेको छ ।

शाखा सञ्चालनको १५ दिन पुग्दा १३ करोडको कारोबार हुनु भाटभटेनीको लागि सामान्य मानिन्छ। भाटभटेनी सुपर मार्केटका व्यवस्थापक विनोद भट्टराई अहिले सम्मको कोरोवार हेर्दा सन्तोष जनक रहेको बताउँछन् । तर सोचे जस्तो यो ठुलो कारोबार नरहेको पनि स्विकार्छन । बाहिर देखिएको भिड अनुसार कारोबार नभएको उनी आफैं स्वीकार्छन् । तर सामाजिक सञ्जालहरूमा भाटभटेनी छाएको देखेर प्रचार राम्रै भएको भट्टराई बताउँछन् ।

**सवारी जाम उस्तै**

राजमार्गमै भौतिक संरचना निर्माण गरी पार्किङ स्थल बनाएपछि पुर्व पश्चिम राजमार्गको इटहरी-पकली सडक खण्ड अहिले दैनिक सवारी जामको कारण पैदल यात्री सँगै सर्वसाधारणहरूले हैरानी खेप्नु परिरहेको छ । भाटभटेनीको आँगन देखि शुरू भएको सवारी चाप एक किलोमिटरसम्म दैनिक जाम हुने गरेको पाइन्छ । साँझ परेपछि ४ देखि ५ जना ट्राफिक प्रहरी भाटभटेनी अगाडीको जाम खुलाउन खटाउनु परिरहेको प्रदेश १ ट्राफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ । दैनिक हुने सवारी जामका कारण दुर्घटनाको जोखिम पनि त्यतिकै रहेको प्रदेश १ ट्राफिक प्रहरीका प्रवक्ता डीएसपी सुमन तिम्सिना बताउँछन् । भविष्यमा हुने खतरा अनि दुर्घटनालाई मध्यनजर गर्दै साँझ पर्नासाथ ५ जनासम्म ट्राफिक प्रहरीहरू भाटभटेनी अगाडी खटाइने गरेको पनि उनको भनाइ छ ।

## एमालेको....

बिस्तार समेत हुन सकेको छैन । २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना भएपछि देउवा प्रधानमन्त्री नियुक्त भएका थिए ।

२९ असारमा प्रधानमन्त्री देउवासँगै गृहमन्त्री बालकृष्ण खाँण, अर्थमन्त्री जनार्दन शर्मा, कानूनी मन्त्री ज्ञानेन्द्रबहादुर कार्की र उर्जा मन्त्री पम्फा भुसालले सपथ लिएका थिए । यसपछि १० साउनमा प्रधानमन्त्री देउवाले एक राज्यमन्त्री नियुक्त गरे । बाँकी १७ मन्त्रालय अहिलेपनि प्रधानमन्त्री देउवाले नै सम्हालिरहेका छन् ।

प्रधानमन्त्री देउवा नेपाली काँग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, नेकपा (एकीकृत समाजवादी) का २३, जनता समाजवादी पार्टी (जसपा) का १८, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का १६ र राष्ट्रिय जनमोर्चाका १ सांसदको समर्थन छ । तर अध्यादेशबाट बनेको एकीकृत समाजवादी खारेजीको माग सहित एमालेले मुद्दा दर्ता गरेको छ ।

## 'नेपाली...

भन्दै समाजले त्यसको नेतृत्व लिन सक्नुपर्ने सुझाव दिए । जोखिमपूर्ण पत्रकारिताका लागि पत्रकारको सुरक्षा हुनुपर्ने भन्दै उनले समाजले तत्काल पत्रकार कल्याणकारी कोष स्थापना गर्नुपर्ने सुझाव दिए । कोष खडा भएमा आफुसहित एनआरएनए अभियन्ताहरूले सहयोग गर्ने प्रतिवद्धता जनाए । कार्कीले पनि सुरक्षित वैदेशिक रोजगारको पक्षलाई संघको मूल एजेन्डामा ल्याउन संघर्षपूर्ण यात्रा गरेको दाबी गर्दै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको सुरक्षा र संरक्षण संघको मूल एजेन्डा हुनुपर्नेमा जोड दिए ।

एशिया प्यासिफिक क्षेत्रका उपाध्यक्ष खगेन्द्र न्यौपाने, उपाध्यक्षका उम्मेदवार हरि भट्टराई, नेपाल पत्रकार महासंघ कोरिया शाखाका अध्यक्ष रञ्जन कुँवरलगायतले समाजको नवनिर्वाचित कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका थिए ।

## सर्वोच्चको...

गरेको हो र अन्य न्यायाधीशले कुन कानूनका आधारमा सल्लाह दिएका हुन् स्पष्ट नभएको उल्लेख छ ।

न्यायिक निष्पक्षताको प्रत्याभूति दिनका लागि संविधान, कानून र न्यायाधीशहरुको आचारसंहितामा रहेका प्रावधानहरुका आधारमा कुनै विवाद निरुपण गर्नबाट अलग रहने अवस्था पनि पर्ने उल्लेख गर्दै लिखित जवाफमा भनिएको छ, "यस्ता विषयमा उचित, शिष्ट र मर्यादित तवरबाट सम्बन्धित इजलासको ध्यानाकर्षण गराउन सकिन्छ र इजलासले पनि उचित निकास दिने गर्दछ, तर यसलाई विवादका कुनै पक्षले पनि अधिकारका रूपमा तथा प्रतिस्पर्धात्मक शैलीमा दाबी गर्न मिल्दैन ।"

संवैधानिक परिषद्मा गरिएको नियुक्तिसम्बन्धी विवादको सुनुवाइमा प्रधानन्यायाधीश बस्न नमिल्ने प्रश्न उठेको थियो । प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर राणा सहभागी भएको संवैधानिक परिषद्को बैठकले नियुक्ति गरेको भन्दै उक्त प्रश्न उठेको थियो । कानून व्यवसायीले बारम्बार प्रश्न उठाएपछि प्रधानन्यायाधीश राणाले आफू इलजासमा नबस्ने घोषणा गरेका थिए ।

# संखुवासभा हत्या प्रकरण : मुख्य आरोपीसहित थप ४ जना सार्वजनिक



**संखुवासभा/मस**– संखुवासभा मादी नगरपालिका १ खोला गाउँमा भएको हत्याकाण्डको अनुसन्धानको क्रममा पक्राउ परेका ४ जनालाई प्रहरीले सार्वजनिक गरेको छ । एकै परिवारका ६ जनाको हत्याका मुख्य योजनाकारसहित ४ जनालाई प्रहरीले सोमबार पक्राउ गरी सार्वजनिक गरेको हो । घटनाका मुख्य योजनाकार खड्गबहादुर कार्की, यसअघि पक्राउ परिसकेका लोकबहादुर कार्कीको बुवा रणबहादुर, लोक बहादुरका भाई नरेश र खड्ग बहादुरका छोरा हस्त बहादुरलाई प्रहरीले सार्वजनिक गरेको हो । कार्की परिवारको हत्यामा संलग्न भएको अनुसन्धानबाट खुलेपछि उनीहरुलाई पक्राउ गरेको हो । लोकबहादुरको काकाको परिवार यसअघि नै छुट्टिएर अलगै बस्दै आएका थिए ।

पछिल्लो पटक पक्राउ परेका ४ जनालाई कर्तब्य ज्यान कसुर अन्तर्गत कारवाहिको प्रकृया अघि बढाइएको संघीय प्रहरी इकाई कार्यालय धरानका प्रहरी उपरीक्षक भिम दाहालले बताए । कार्की परिवारको हत्या आरोपमा लोकबहादुर कार्कीलाई गत भदौ २७ गते आईतबार प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको थियो । गत भदौ २१ गते सोमबार बिहान वर्ष ५८ को तेजबहादुर कार्की, उनकी आमा वर्ष ८४ को पार्वता, श्रीमती ५४ को कमला, वर्ष २८ का बुहारी रञ्जना, वर्ष ११ का नाती दिपेन र वर्ष ५ का नातिनी गोमा कार्कीको हत्या गरिएको थियो ।

# इटहरी प्रहरीका जवान सम्बर बने 'पुलिस अफ दि मन्थ'





इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत प्रहरी जवान सम्बर बहादुर तिवारी भदौ महिनाको उत्कृष्ट प्रहरी 'पुलिस अफ द मन्थ' को उपाधिबाट सम्मानित भएका छन् । प्रहरी संगठनभित्र रही अपराध नियन्त्रण तथा समाजमा शान्ति सुरक्षा कायम गर्ने सवालमा अब्बल भूमिका निर्वाह गरेको भन्दै इटहरी प्रहरीका जवान पदमा कार्यरत तिवारीलाई भदौ महिनाको 'पुलिस अफ द मन्थ'उपाधिबाट सम्मान गरिएको हो ।

सामाजिक सुरक्षा अन्तर्गत दिनरात खटिने प्रहरीहरूको मनोबल बढाउन जिल्ला प्रहरी कार्यालय सुनसरीले प्रत्येक महिना जिल्लामा कार्यरत उत्कृष्ट प्रहरीलाई यस उपाधिबाट सम्मान गर्दै आएको छ । इटहरिका जवान तिवारी यसअघि गत २०७५ साल माघमा पनि यही विधाबाट सम्मानित भएका थिए । इटहरीमा रहेर अपराध अनुशन्धानसँगै लागूऔषध नियन्त्रण र चोरी जस्ता अपराधिक घटना नियन्त्रणमा जवान तिवारीको भूमिका अतुलनिय रहेको भन्दै उनलाईसो उपाधि प्रदान गरिएको हो । उनले सिभिलमै रहेर पनि प्रहरीको मान सदैव उच्च राखेकोप्रति सम्मान प्रकट गर्न यो उपाधि प्रदान गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।प्रहरी सेवामा रहेर राम्रो काम गर्नेलाई सदैव सम्मान गर्नुपर्छ भन्ने उद्देश्यले प्रदेश एक प्रहरी कार्यालयबाट पुलिस अफ द मन्थको सुरूवात गरिएको थियो ।

तिवारीको सम्मानपत्रसहितको फोटो जिल्ला प्रहरी कार्यालय सुनसरी र इटहरी प्रहरीमा एक महिनासम्म राखिने छ ।

# इटहरीमा फुड बैंक भवन शिलान्याससँगै खाद्यान्न वितरण

विपद तथा संकट परेको समयमा तत्काल आवश्यक खाद्यान्न उपलब्ध गराउने उदेश्यले इटहरीमा फुड बैंक स्थापना हुने भएको छ । एक करोड ८० लाखको लागतमा लागतमा इटहरी उपमहानगरपालिका वडा नं १० डुमाटोकामा निर्माण हुने फुड बैंकको सोमबार नगरप्रमुख द्वारिकलाल चौधरी र ग्लोवल सर्भिस टिम मल्टीपल डिष्ट्रिक कोडिनेटर अनन्त प्रसाद भेटवालले संयुक्त रुपमा शिलान्यास गरेका छन् ।

शिलान्याससँगै स्थानीय ६० घर परिवारलाई २० केजीका दरले चामल लगायतका खाद्यान्न वितरण गरिएको छ । कोरोना कहरका कारण रोजि रोटि गुमेका तत्काललाई आर्थिक अवस्था कमजोर देखिएका परिवारहरू छनौट गरी राहत वितरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरीले भावी संकटलाई मध्यनजर गर्दै इटहरीमा फुड बैंक स्थापना हुनु गौरवको कुरा भएको बताए । इटहरी उपमहानगरपालिका क्षेत्रमा सक्रिय २१ लायन्स क्लव तथा लियो क्लवहरुको सक्रियतामा उक्त फुड बैंक स्थापना हुन लागेको कार्यक्रमका अध्यक्ष भविन खड्काले बताए । भवन शिलान्यास कार्यक्रममा लायन्स क्लवका पूर्वडिष्ट्रिक गर्भनर राजन खत्री, टंक बहादुर श्रेष्ठ, वडा नम्बर १० का वडाध्यक्ष प्रकाश चौधरी, फस्ट भाइस गभर्नर कर्म गुरुङ तथा लायन्स टिम लगायतका अतिथिहरुले आयोजक कमिटिलाई बधाइ तथा शुभकामना व्यक्त गरेका थिए ।

**आठौं महाधिवेशन सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०७८/०६/०५**

**यस नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको कार्यसमितिको निर्णय अनुसार निम्न मिति समय र स्थानमा आठौं महाधिवेशन हुने भएकाले सम्पूर्ण सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रम**

**मिति: २०७८/०६/२० गते बुधबार**

**समय: बिहान ८:०० बजे**

**स्थान: युनिभर्सल क्याफे, सुकेधारा**

**मुल आयोजक कमिटी**
**आठौं महाधिवेशन**

**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
**तिनकुने, काठमाडौं**
**फोन नं.:०१-४१११६४६**

**Rapti Sonari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Agaiya, Banke**
**Lumbini Province, Nepal**

**Invitation for Bids for the following Works**

**Date of Publication: 2078/06/05**

1. Office of Rapti Sonari Rural Municipality, Banke invites electronic bids from Nepalese eligible bidders for the procurement and construction of Following Works.

| SN | Contract ID Number | Description of Works | Estimated Amount, NRS(Excluding VAT, Contingency and PS) | Bid Security (NRs) | Fee for Bidding Document (NRs) | Bid Validity Period(Days) | Bid Security Validity Period (Days) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RSRM/ WORKS/ 078-79/01 | Sunrise Schoolbata Janata Ma.Vi. Samma Bato Kaalopatre, Rapti Sonari-09, Banke | 60,38,775.55 | 1,60,000.00 | 3000 | 90 | 120 | |
| 2 | RSRM/ WORKS/ 078-79/02 | Mul Bato Dekhi Jurpani Jane Bato Kaaloptre, Rapti Sonari-05, Banke | 17,20,132.72 | 45,000.00 | 3000 | 90 | 120 | |
| 3 | RSRM/ GOODS/ 078-79/02 | Balikaharulai Saikshiyk Protshahan Sahayog, Rapti Sonari, Banke | 53,09,250.00 | 1,35,000.00 | 3000 | 90 | 120 | |

2. Only electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00PM on 2078/07/04 and bid shall be opened on the same date at 2:00PM. Eligible bidders may obtain further information from Rapti Sonari RM office and email: raptisonarimun@gmail.com or visit PPMO website www.bolpatre.gov.np/egp.
3. Bidders should deposit the cost of bidding document in the project's account as specified below:

| Bank Name | Revenue Account | Dharauti Account |
|---|---|---|
| Himalayan Bank Limited, Rapti Sonari Branch | 05207540510024 (For Bid Fee) | 05207540510014 (For Bid Security) |

# विभूषण सूचीबाट किन हटाइयो जोशी र श्रेष्ठको नाम ?

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ४ असोज





विभूषणका लागि सिफारिश गरिएका महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णदत्त जोशी बोक्सर र निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. हरि कुमार श्रेष्ठको नाम गृह मन्त्रालय पुगेपछि हटाइएको छ । उनीहरुमध्ये मेडिकल सुपरिटेन्डेन्ट श्रेष्ठलाई स्वास्थ्य सेवा विभाग र अध्यक्ष जोशीलाई जिल्ला प्रशासन कार्यालयले विभूषणका लागि गृह मन्त्रालयमा नामावली पठाएको थियो । मेसु श्रेष्ठलाई सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट पनि विभूषणका लागि विभागमा नाम पठाइएको थियो ।

स्वास्थ्य सेवा विभागबाट गृह मन्त्रालयलाई विभूषणका लागि पठाएका १ सय ३० जनामध्ये डा. श्रेष्ठको नाम ११८ नम्बरमा छ । उनलाई महाकाली अस्पतालका स्त्रीरोग विशेषज्ञ भनेर नाम पठाइएको छ । अस्पतालका अध्यक्ष जोशीको नाम जिल्ला प्रशासन कार्यालयले विभूषणका लागि गृह मन्त्रालयमा पठाएको छ ।

तर संविधान दिवसमा घोषणा गरिएको विभूषण पाउनेको सूचीमा ती दुबै नाम छैन । सरकारको सिफारिशमा संविधान दिवसको अवसर पारी राष्ट्रपति विद्यादेवी भण्डारीले विभूषण पाउने व्यक्तिहरुको नाम घोषणा गरेकी थिइन् । त्यसमा सेती प्रादेशिक अस्पतालका मेसु डा. हेमराज पाण्डे, टिकापुर उप प्रादेशिक अस्पतालका मेडिकल सुरपरिटेन्डेन्ट लगायतका नाम समावेश गरिएको छ ।

महाकाली अस्पतालका अध्यक्ष जोशी र मेसु श्रेष्ठको टीमले अस्पतालले हालसम्मकै सबैभन्दा ठूलो उपलब्धि हासिल गरेको छ । अहिले अस्पतालमा चिकित्सक, कर्मचारी व्यवस्थापन, सेवा प्रवाह र भौतिक पूर्वाधार निर्माण सबै क्षेत्रमा उपलब्धी हासिल गरिएको छ ।

अस्पतालमा स्त्रीरोग विशेषज्ञ भएर आएका डा. श्रेष्ठले पछिल्लो पटक अस्पताल प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका छन् । उनी आएपछि चिकित्सक दरबन्दी पूर्ति गरिएका छन् । अहिले विशेषज्ञसहित ३१ जना चिकित्सक कार्यरत छन् । सुदूरपश्चिम प्रदेश सरकारले अध्यक्षको जिम्मेवारी दिएपछि जोशीले अधिकांश समय अस्पतालमै बिताउने गरेका छन् । अस्पताल सुधारका लागि उनी प्रदेश सरकार र संघ सरकारसित पटक पटक पहल गर्दै आएका छन् ।

अध्यक्ष जोशीले जिल्ला प्रशासन कार्यालयबाट नाम सिफारिश भएर पनि नाम नआएपनि आफूलाई केही फरक नपरेको बताए । 'प्रशासन कार्यालयमा बोलाएर मलाई फाराम भर्न लगाएको हो, मेरो नाम आएन, गृह मन्त्रालयबाट काटियो होला' उनले भने,' यसमा केही छैन, काम गर्ने, सम्मान जनताले गरेकै छन, माथिबाट हामीले गरेको काम देखेन भने मैले केही भन्नु छैन, अस्पतालका लागि म सदा कटिवद्ध भएर रहनेछु ।'

अध्यक्ष जोशीले आफूले सरकारले सम्मान दिने भन्दा पनि अस्पताल सुधारका लागि आफू रातदिन सक्रिय हुने बताए । नेकपा माओवादी केन्द्रका नेता जोशी शिक्षक पृष्ठभूमिबाट आएका हुन् ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट श्रेष्ठले भने स्वास्थ्य सेवा विभाग र सुदूरपश्चिम प्रदेश सरकारबाट विभूषणका लागि नाम सिफारिश गरिएको जानकारी पाएको बताए । 'विभूषणका लागि सिफारिश गरिएको भन्ने त सुनेको थिए,' उनले भने,' त्यसपछि के भयो मलाई केही थाहा भएन ।'

कञ्चनपुरमा काँग्रेस नेता हेमराज ओझा र निङ्गलाशैनी व्यवस्थापन समितिका अध्यक्ष निरञ्जन प्रसाद भट्ट विभूषणका लापग छनौट गरिएका छन् । उनीहरुमध्ये कृष्णपुरका ओझा स्थानीय तह निर्वाचनमा मेयरमा पराजित भएका थिए । अधिकांश समय धनगढी बस्ने उनी निजी विद्यालयका सञ्चालक हुन् ।

# विदेशबाट फर्किएपछि तरकारी खेतीमा रमाउँदै

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ४ असोज



पछिल्लो समय विदेशबाट फर्किएका युवाहरु गाउँमै कृषि व्यवसायमा लाग्ने र राम्रो प्रगति गर्ने क्रम बढ्न थालेको छ ।

तरकारी खेती, पशुपंक्षी र अन्य व्यवसायमा लागेर दैलेखको गुराँस गाँउपालिका-८ घर भएका सुर्खेत कर्म थलो बनाएका युवा पछिल्लो समयमा उदाहरणीय बनेका छन् । ओमान एक वर्ष, दुवई १७ महिना, कतार ५३ महिना बिताएपछि घर फर्किएका सुर्खेतको भेरिगंगा नगर पालिका १२ बसोबास गर्दै आएका घनश्याम केसीले अहिले तरकारी खेती र हाँस र कुखरा पाल्दै आएका छन् ।

विदेशबाट फर्किपछि सबै साथीहरु मिलेर कार्डस् कर्पोरेसन नेपाल फर्म सञ्चालन गरेका उनीहरु विदेशको दुःख सहेर फर्केपछि आफ्नो देशमा मेहनत खर्चिने चाहना पलाएको बताउँछन् ।मकवानपुरको गढि गाउँपालिका, इलामको चुलाचुली गाउँपालिका, रुपन्देहीको सुनवल नगरपालिका सुर्खेतको भेरिगंगा नगरपालिका १२ मा फर्म सञ्चालन भइरहेको र नेपालका सबै प्रदेशहरूमा फर्म सञ्चालन गर्ने योजना रहेको घनश्याम केसीले मध्यान्हलाई बताए ।

उनले भने 'अहिले ६ वटा टनेलमा टमाटर, भान्टा फलाइ राखेको छु । पोल्ट्री पनि छ, म सँग अहिले । हाँस १९८ र २०० कुखुरा छ । प्लस यो टनेल गर्दा अहिले मैले वार्षिक ४ लाख आम्दानी गरिराखेको छु ।' उनले तरकारी खेतीबाट आफुलाई राम्रै आम्दानी भइरहेको र आफुले गरेको तरकारी खेतीबाट विदेश गएर गरिने आम्दानी भन्दा राम्रो भइरहेको बताए ।

# काठमाडौं साक्षर जिल्ला घोषणा



**काठमाडौं/मस**–काठमाडौं जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको छ । सोमबार बागमती प्रदेशका सामाजिक विकास मन्त्री विजय सुवेदीले एक कार्यक्रमकाबीच काठमाडौं जिल्लालाई साक्षर जिल्ला घोषणा गरे ।

मन्त्री सुवेदीले काठमाडौं जिल्लाको साक्षरता प्रतिशत ९६.८८ प्रतिशत रहेको भन्दै काठमाडौं जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको बताए । शिक्षा विकास निर्देशनालयका निर्देशक चन्द्रप्रसाद लुइँटेलले शिक्षामा व्यवस्थापकीय चुनौती रहेको बताए । उनले शिक्षा क्षेत्रमा स्रोत र साधन भएपनि व्यवस्थापन र कार्यान्वयनमा जटिल चुनौती रहेको बताए ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले शिक्षा शाखामा काम गर्ने शिक्षा अधिकारीहरुलाई शिक्षालाई व्यवस्थित बनाएर लै जान आग्रह गरे । उनले प्राविधिक शिक्षा क्षेत्रमा बढी भन्दा बढी रकम लगानी गर्नुपर्ने बताए ।

१५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत भन्दा बढी नागरिक साक्षर भएको सुनिश्चित भएका क्षेत्र एवं, जिल्ला र राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने शिक्षा मन्त्रालयको नीतिगत निर्णय छ ।

सोही अनुरुप काठमाडौं जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको हो ।

# कुर्मी वर्मा सहयोगी हातद्वारा निःशुल्क स्वास्थ्य शिविर आयोजना, ४५० जनाले लिए सेवा

**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज, ४ असोज

बाँकेमा रहेका कुर्मी वर्मा सहयोगी हात, बाँकेको आयोजनामा खजुरा गाउँपालिका वडा नं. ७ स्थित कालिका प्राथमिक विद्यालय, सोनवर्षामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । शनिबार सम्पन्न उक्त शिविरमा आँखा, नाक, कान र घांटीको विशेषज्ञहहरुले सेवा प्रदान गरेका थिए । सो निःशुल्क स्वास्थ्य शिविरमा २ सय ८० जना आँखाका बिरामी तथा १ सय ७० जना नाक, कान, घाँटीका बिरामीहरुको परीक्षण गरी निःशुल्क औषधिसमेत उपलब्ध गराइएको थियो । शिविरमा वरिष्ठ नाक, कान, घाँटी विशेषज्ञ डा. लोकराम वर्मा, डा. दिनेश कुमार चौधरी, कान सहायकहरु मनलाल चौधरी, तीर्थमान चौधरी, नेत्र विशेषज्ञ डा. राजेश श्रेष्ठ, नेत्र अधिकृत उमेर सादिक, नेत्र सहायक सुपरभाइजर हेमरराज वर्मा, युवराम वर्मा तथा प्राविधिकहरुमा हृदय राम वर्मा, जवाहरलाल वर्मा, अप्टोमेट्रिस्ट जितेन्द्र वर्मा, कैलाश गुप्ता, नूर मो. अन्सारी, श्रुति सुवेदी, मनिषा मल्ल लगायतको टोलीले सेवा प्रदान गरेका थिए ।

उक्त शिविरमा परीक्षण गरिएका बिरामीहरुमध्ये ४५ जना आँखाका बिरामीहरुलाई शल्यक्रियाका लागि नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ६ स्थित फत्तेबाल आँखा अस्पताल र ७ जना कानका बिरामीहरुलाई शल्यक्रियाका लागि भेरी अस्पताल तथा ब्रिनोज कान स्वास्थ्य स्याहार केन्द्रमा रिफर गरिएको छ । फत्तेबाल आँखा अस्पतालले मोतिया बिन्दुको शल्यक्रिया सेवा आफ्नो सामुदायिक कार्यक्रमको नियमानुसार निःशुल्क प्रदान गर्ने भएको छ भने भेरी अस्पताल र ब्रिनोज कान स्वास्थ्य स्याहार केन्द्रले कानको शल्यक्रियामा विशेष सहुलियत प्रदान गर्ने छन् ।

बाँके जिल्लामा बसोबास गर्ने कुर्मी वर्मा समुदायका व्यक्तिहरुले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत कुर्मी वर्मा सहयोगी हात, बाँकेको आयोजना तथा फत्तेबाल आँखा अस्पताल र ब्रिनोज कान स्वास्थ्य स्याहार केन्द्रको प्राविधिक सहयोगमा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिएको कुर्मी वर्मा सहयोगी हात, बाँकेका संयोजक डा. कौशल कुमार वर्माले मध्यान्हलाई जानकारी दिए । कुर्मी वर्मा सहयोगी हात, बाँकेका संयोजक डा. वर्माको अध्यक्षतामा सम्पन्न भएको शिविर उद्घाटन कार्यक्रममा प्रमूख अतिथि खजुरा गाउँलिकाका प्रमुख किस्मत कक्षपति र विशिष्ट अतिथि संविधान सभा सदस्य परमानन्द वर्मा रहेका थिए । प्रमुख अतिथि कक्षपतिले बिरामीहरुलाई औषधि प्रदान गरी शिविरको शुभारम्भ गरेका थिए । शिविर उद्घाटन कार्यक्रममा खजुरा गाउँपालिका उप-प्रमुख एकमाया बि.क., वडा नं. ७ का अध्यक्ष अतिउल्ला खाँ, कालिका प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नागरमल वर्मा, प्रधानाध्यापक भोला बहादुर बि.क., स्थानीय सामाजिक अगुवाहरु, कूर्मी वर्मा सहयोगी हात, बाँकेका स्वयमसेवक लगायतको उपस्थिति थियो । कुर्मी वर्मा सहयोगी हात, बाँकेले उपस्थित अतिथि तथा संलग्न चिकित्सक एवं प्राविधिकहरुलाई कुर्मी वर्मा सहयोगी हात, बाँके अंकित गम्छा लगाई सम्मान गरेको थियो ।

शिविर उद्घाटन कार्यक्रममा बोल्दै गाउँपालिका प्रमुख कक्षपतिले आयोजक कुर्मी वर्मा सहयोगी हात, बाँकेको परोपकारी कार्यको सराहना गर्दै प्राविधिक सहयोग गर्ने संस्थाहरु फत्तेबाल आँखा अस्पताल र ब्रिनोज कान स्वास्थ्य स्याहार केन्द्र तथा शिविरमा संलग्न चिकित्सकहरुप्रति आभार व्यक्त गरेका थिए । शिविर कार्यक्रमको समापन गर्दै कुर्मी वर्मा सहयोगी हात, बाँकेका संयोजक डा. कौशल कुमार वर्माले निःशुल्क शिविरको सफलतामा संलगन शिविर आयोजन समितिका संयोजक मनमोहन वर्मा, सदस्यहरु बिशाल बिक्रम वर्मा, बब्लु वर्मा, नागरमल वर्मा, कमेलश वर्मा तथा सम्पूर्ण चिकित्सक एवं



प्राविधिक टोली र शिविर आयोजनका लागि आर्थिक सहयोग गर्ने दाताहरुलाई धन्यवाद दिएका थिए । शिविर उद्घाटन कार्यक्रमको संचालन स्थानीय जगदीश वर्माले गरेका थिए ।


## OMAN मा रोजगार

१. कम्पनी : PERMANENT SUPPLIER EST — शहर: Dhofar
पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३८३ LT. No.: 245955

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Arc Welder General | 1 | 0 | सम्बन्धित कामना दक्ष | 140 | ४२,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wiring Electrician | 9 | 0 | | 140 | ४२,८५८ | | | | | | | |

२. कम्पनी :SOLIDARITY COMPREHENSIVE EVENT PROJECTS — शहर: NIZWA
पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३८८ LT. No.: 245943

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Doors Balcksmith | 2 | 0 | सम्बन्धित कामना दक्ष | 120 | ३६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Oxygen Welder | 1 | 0 | | 120 | ३६,७३५ | | | | | | | |
| 3. | Glass Installation Worker | 1 | 0 | | 120 | ३६,७३५ | | | | | | | |

३. कम्पनी :FAYAFI MUSCAT — शहर: IZKI
पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३८९ LT. No.: 245869

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | स. काममा दक्ष | 140 | ४२,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी :AFAQ AL FYT ALRAYDH LLTJART — शहर: MUSCAT
पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३९० LT. No.: 245868

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter - Coffee Shop | 1 | 0 | सम्बन्धित कामना दक्ष | 160 | ४८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 1 | 0 | | 140 | ४२,८५८ | | | | | | | |
| 3. | Vegetable & Fruit Cooker Gen | 1 | 0 | | 140 | ४२,८५८ | | | | | | | |

५. कम्पनी :SUFUH AL SHAQIRA — शहर: NIZWA
पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३९१ LT. No.: 245867

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef General | 2 | 0 | सम्बन्धित कामना दक्ष | 160 | ४८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 1 | 0 | | 140 | ४२,८५८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १२ गते (28 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com



## Qatar मा रोजगारको अवसर — पून:विज्ञापन

१. कम्पनी: Al Sraiya Security Services, Doha, Qarar
पूर्व स्वीकृती मिति २०७८।०४।१३ चलानी नं. ६०१६०७७२ LT.No. 242400

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 70 | कामना दक्ष | 1500 | ४७,९१०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी: Central Project Engineering Services and Trading Co., Doha, Qarar
पूर्व स्वीकृती मिति २०७८।०१।०३ चलानी नं. ६०१५७४७९ LT.No. 239137

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 38 | कामना दक्ष | 1000 | ३१,९४०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

अन्तर्वार्ता २०७८ असोज १२ गते (28 Sept, 2021) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोषको व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**रोयल ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४



## साउदीमा रोजगार

कम्पनी: NASSER AHMED BARAKAT AL GHAMDI CONTRACTING GROUP — शहर: AL BAHA
पूर्व स्वीकृत: २०७८/०६/०४ चलानी नं.: ६०१६३३८६ L.T. No.: 246101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १२ गते (28 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.S.T. SEASON SERVICE PVT. LTD.**
Govt. Lic. No. 912/067/068
Balkumari-08, Lalitpur, Nepal | Tel:01-5186410, 5186420
E-mail: cstgroup912@gmail.com | Website: www.cstss.com.np



## कतारमा रोजगार

कम्पनी : SPECIALISTS TRAD. & CONTRACTING CO WLL — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/०१ चलानी नं.: ६०१६१५३० LT. No.: 243996 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 3 | 0 | स. काममा दक्ष | 1100 | ३५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Decoration Tech. | 11 | 0 | | 1100 | ३५,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १२ गते (28 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्सः ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं । फोनः ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

## सम्पादकीय

# अनावश्यक अभिव्यक्ति

अर्थमन्त्री जनार्दन शर्माले केही दिन अगाडि पूँजीगत बजेट खर्च नहुनेबारे दिएको अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ । मन्त्री शर्माका अनुसार, उनलाई सचिवहरूले आवश्यक कार्यक्रममा बजेट नहुने र अनावश्यक कार्यक्रममा खर्च हुने जवाफ दिएका थिए । त्यही भनाइलाई आधार मानेर मन्त्री शर्माले गम्भीर हुने र बजेट खर्च कार्यान्वयनमा जोड दिने बताए । मन्त्री शर्माले कुरा नलुकाइ राख्नुले उनको नियतमाथि आशंका गर्न नमिल्ला । तर, बजेट निर्माण प्रकृयाको सुधार र पूँजीगत खर्च प्रभावकारी बनाउनेमा भने सन्देश छ । किनकी बजेट निर्माणको प्रकृया होइन, बजेटमा गलत नियत राखेर कार्यक्रम बनाइने प्रवृत्ति छ । यसको जड स्वयम् सचिवहरू हुन् ।

किनकि अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगले बजेट निर्माण प्रकृया शुरू गरेपछि सिलिङ तोकेरै मन्त्रालयहरूलाई पठाउँछ । त्यहीअनुसार मन्त्रालयहरूले मातहतका सरोकारवाला निकायसँग छलफल गरेर बजेट माग गर्छन् । बजेट र कार्यक्रमहरू बन्छन् । यदि सम्वन्धित मन्त्रालयका सचिवले बजेट निर्माणमा चनाखो भएर गलत र कार्यान्वयन नहुने कार्यक्रम माग नगर्ने हो भने धेरै हदसम्म समस्या हल हुन्छ ।  तर, मन्त्रालयका सचिवलगायत उच्च अधिकारीहरूले गलत नियतका साथ कार्यान्वयन नहुने कार्यक्रममा बजेट माग गर्छन् । र, अत्यावश्यक कार्यक्रममा भने न्यून बजेट माग गर्छन् । त्यहीअनुसार बजेट विनियोजन हुन्छ । खर्च नभएपछि भने आर्थिक वर्षको उत्तरार्धमा रकमान्तर गरी अनियमितताको बाटो खुल्छ ।

यो समस्या नेपालमा बजेट निर्माण प्रकृया शुरू भएदेखि नै हो । तर, यो तथ्य बिर्सेर सचिवहरूले 'आवश्यक कार्यक्रममा बजेट नपुग्नु र अनावश्यक कार्यक्रममा बजेट धेरै भएकाले पूँजीगत खर्च हुन नसकेको' तर्क गरेर कमजोरी ढाकछोपको प्रयत्न गर्छन् । अर्थमन्त्रीले उनीहरूकै कुरा आधार मानेर अभिव्यक्ति दिनुले या त स्वयम् मन्त्री गुमराहमा छन्, या त गलत नियतका साथ सचिवहरूको तर्कमा विश्वास गर्न पुगे । अतः पूँजी खर्चको वृद्धि सहित बजेट कार्यान्वयन गर्न मन्त्री शर्माले सचिवहरूको नियतबारे पनि सोच्न जरूरी छ । मन्त्रालयले बनाउने बजेटबारे जिम्मेवार र जवाफदेही हुनुपर्छ । बल्ल बजेटको प्रभावकारी कार्यान्वयन हुन सक्छ, पूँजीगत खर्च बढेर समग्र विकास निर्माणले गति लिन सक्छ ।

## सामाजिक सञ्जाल



मानपदवी भन्ने कुरा जनअनुमोदित व्यक्तित्वहरूलाई दिनुपर्ने हो ! यहाँ त अपवाद बाहेक टोल छिमेकका दुई चार जनाले पनि राम्रो नमान्ने सत्ताको आडमा धाकधम्कि दिएर सामान्य मानिसहरूलाई प्रताडित गर्ने चाकडी बाजले पाए, पदको गरिमा गुम्यो ! यहाँ पदवी दिनेले भन्दा लिनेले सोच्नुपर्ने बेला आयो होस गरौ !

- **विष्णु ढकाल**



पदक कसले बाँड्यो, कसले पाए, कसले लिए, कसले लिएनन् ? यो ठूलो कुरा होइन, मुख्य कुरा यो हो– नेपालको सत्तारूपी बोतल फेरिएको हो, रक्सी पुरानै छ । गणतन्त्र फगत शब्द मात्रै फेरियो, बाँकी पुरानै छ ।

- **आस्था केसी**



२००८ सालमा खाद्य तथा कृषि मन्त्रालयले प्रत्येक जिल्लामा १० बिगाह जमिनमा गाँजा रोप्न आह्वान गरेको सरकारी विज्ञप्ति रहेछ । तर खैरेको दबावका कारण २०३३ सालमा लागुऔषध नियन्त्रण ऐन ल्याएर नेपालले गाँजा प्रतिबन्ध लगायो । नेपालको गाँजा उत्पादनमा रोक लगाउनु खैरेहरूको आर्थिक षड्यन्त्र थियो ।

- **विमल लामिक**



महाकाली सन्धी गरेको २५ वर्ष पुगेछ अर्थात् बाबुराम भट्टराईले शेरबहादुर देउवालाई बुझाएका माग पनि २५ सै वर्ष भएछ । संयोग, शेरबहादुर सरकारमा अनि एमाले प्रतिपक्षमा थियो । सेटेलाइटमार्फत बिजुली बेच्ने भाषण दिन्थ्ये माधव कुमार ।

- **विनोद न्यौपाने**



नेपाल सरकारले अब पर्यटक आगमनलाई सहज बनाउनु जरूरी छ ।  अरू देशहरूले सुरू गरीसके, हामी पछाडि नपरौं ! पुर्ण खोप लगाएकालाई पिसिआर नेगेटिभ नतिजा; क्वारेन्टिन नचाहिने, अन्यलाई पिसिआर नेगेटिभ; ५ दिन क्वारेन्टिनपछि परिक्षण ।

- **डा. समिरमणी दिक्षित**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# ओइलाएको माओवादी आन्दोलन र युवा वर्ग

नेपालमा विडम्बना भन्नुपर्छ, समाजवादमा विश्वास गर्ने देशको शिक्षा, स्वास्थ्य र रोजगारमा देखिएको विभेद विकराल भई समाजमा झन् बढी असमानता बढेको छ । नयाँ धनाढ्य वा मध्यमवर्गका छोराछोरी नेपालमा कमै अडिन्छन् ।



● आरबी खड्का

१८ औँ शताब्दीको शुरुवातीमा युरोप र अमेरिकामा भएको पुँजीवादी क्रान्तिदेखि १९ औँ शताब्दीको पूर्वार्द्धमा रुस र चीनको कम्युनिष्ट क्रान्ति हुँदै २० औं शताब्दीको शुरुवातीमा आइपुग्दा विश्वका प्रायः सबै देशमा पुँजीवादी लोकतान्त्रिक क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलन सम्पन्न भइसकेका थिए । तर, नेपालमा भने २००७ साल र ०४६ सालको आंशिक लोकतान्त्रिक क्रान्तिपछि पनि राजतन्त्र, सामन्तवाद, एकात्मक राज्यसत्ता, वर्णाश्रम व्यवस्था, पितृसत्तावाद जबर्जस्त रूपमा कायमै थिए ।

